आ.व. ०७४/०७५ को लागि नीतिगत निर्णयहरु

निर्णय नं. १५

चालु आर्थिक वर्षमा नगर वोर्ड बाट भएका सम्पूर्ण निर्णय तथा यस परिषदबाट अनुमोदन गर्ने गरी भए गरेका काम कारवाहीहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.१६

चालु आ.व.०७३।०७४ को बजेट, नीति तथा कार्यक्रममा बजेट अनुरुप संशोधन गर्न न.पा. बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णंय गरियो ।

निर्णय नं. १७

नगर क्षेत्र भित्र रहेको सम्पूर्ण ऐलानी, पर्ति, सार्वजनिक र यस न.पा.को स्वामित्वमा रहेको जग्गाको लगत तयार गरी तारवार, नक्शांकन, संरक्षण र सम्बर्द्धन गर्ने निर्णय गरियो ।

निर्णय १८

दाउन्ने , सरनटाडि , सटाकखोला , उजेरी ,लडियावास , मुढावास मा व्यावसायिक तरकारी खेती र बाख्रापालन गर्ने कृषकहरुलाई प्रोत्साहन दिन राष्ट्रपति चुरे संरक्षण कार्यक्रम लाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

उपभोक्ता मार्फत आयोजना संचालन गर्दा मूल्यांकन विलको आधारमा भुक्तानी दिने प्रणाली लागु गरी पेश्की शुन्य प्रणाली लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

“पर्यटन, कृषि र पूर्वाधार, समृद्ध देवदहको मूल आधार” भन्ने विकास नारालाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २१

उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनाहरुलाई कार्यस्थलमा स्वीकृत ढाँचामा नगरपालिकाको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गरेर मात्र अन्तिम भुक्तानी दिने व्यवस्थालाई अनिवार्य वनाउने निर्णय गरियो ।

निर्णय नं.२२

यस नगरपालिकाद्धारा विभिन्न वडाहरुमा संचालन हूने विकास निर्माण आयोजनाहरुको बोलपत्र मुल्यांकन समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक श्री प्रमुख एवं कार्यकारी अधिकृत<br>
सदस्य श्री प्रशासकिय अधिकृत<br>
सदस्य श्री इन्जिनियर<br>
सदस्य श्री लेखापाल

निर्णय नं.२३

आ.व.०७२/७३ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियूक्तिका लागि नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.२४

यस नगरपालिकाद्धारा विभिन्न वडाहरुमा संचालन भई सम्पन्न हूने सम्पुर्ण विकास निर्माण आयोजनाहरुको योजना, जांचपास तथा फरफारक समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक श्री प्रमुख एवं कार्यकारी अधिकृत<br>
सदस्य श्री प्रशासकिय अधिकृत<br>
सदस्य श्री इन्जिनियर<br>
सदस्य श्री लेखापाल<br>
सदस्य सचिव श्री ना.सु., योजना

निर्णय नं. २५

उपभोक्ता समिति मार्फत संचालन गरिने योजनाहरुमा कम्तिमा २० प्रतिशत लागत सहभागिता/जनसहभागिता जूटाउने गरी आयोजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.२६

नगरपालिकाको सिमा क्षेत्र भित्र रहेका सम्पुर्ण व्यक्तिगत एवं सार्वजनिक जग्गाको पून:नापी गरी नयां नाप नक्शा तयार गर्नका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयम मार्फत सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. २७

नगरपालिका सडक यातायात गुरु योजना स्वीकृत गर्ने निर्णय गरियो साथै देहायका मुख्य सडकहरुको मापदण्ड तपशिल अनुसारको निर्धारण गर्ने निर्णय गरियो ।

| सि. नं | सडकको नाम | प्रस्तावित मापदण्ड | कैफियत |
|---|---|---|---|
| १ | पुर्व पश्चिम राजमार्ग | राष्ट्रिय सडक मापडण्ड अनुसार | |
| २ | फिडर रोड | दुवै तर्फ १५।१५ मिटर | |
| ३ | चक्रपथ | दुबै तर्फ २०।२० फुट | |
| ४ | नगरपालिका शाखा मार्ग | दुबै तर्फ १०।१० फुट | |
| ५ | खैरेनी धकधई मार्ग | दुवै तर्फ १२.५।१२.५ मिटर | |
| ६ | खैरेनी गोठादी सडक मार्ग | दुवै तर्फ १५।१५ मिटर | |
| ७ | सित्तलनगर मणिग्राम सडक | दुवै तर्फ १५।१५ मिटर | |
| ८ | वनकित्ता टटेरा सडक | दुवै तर्फ ८.५।८.५ मिटर | |
| ९ | अन्य सडक न्यूनतम | दुबै तर्फ १०।१० फुट | |

निर्णय नं. २८

बुटवल उप-महानगरपालिका सिमाना देखि सुनवल नगरपालिका सिमाना सम्मलाई सफा सडकको रुपमा विकास गर्ने निर्णय गरियो ।

निर्णय नं. २९

नगरस्तरीय सडक गुरुयोजना अनुरुप सडकहरुको नामाकरण र न्यूनतम मापदण्ड सहितको सूचना बोर्ड राख्ने निर्णय गरियो ।

निर्णय नं. ३०

वडा नागरीक मञ्च र टोल सुधार समितिको सहकार्यमा देवदह न.पा.को सडकहरुको लम्बाई , चौडाई र नामाकरण सहितको नगर यातायात गुरुयोजना तथा कार्ययोजना तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. ३१

देवदह नगरपालिकाको सरसफाई केन्द्र स्थापना गर्न देवदह खानेपानी संस्थाहरु संग समन्वय गर्ने निर्णय गरियो ।

निर्णय नं ३२

मुसहर बस्तिको शिक्षा र स्वास्थ्यको अवस्था सुधार गरि व्यावसायिक कृषि तथा उद्यम कार्यक्रम संचालन गर्न मुसहर संग नगरपालिका कार्यक्रम संचालन गर्ने निर्णय गरियो । कम्तीमा महिनाको एक पटक मुसहर वस्तीमा पुगी शिक्षा , स्वास्थ्य र रोजगारीको सूचना लिने निर्णय गरियो ।

निर्णय नं ३७

अव्यवस्थित वसोवास भएका ठाँउहरुमा व्यवस्थित वसोवास र जग्गाधनि प्रमाण पुर्जाका लागी नेपाल सरकार लाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३३

देबदह भित्र संचालित सहकारी, गैर सरकारी संस्था, आमा समुह ,क्लबहरुले नगरपालिकामा अनिवार्य रुपले दर्ता गरेरमात्र संचालन गर्नुपर्ने र प्रत्येक आ.व. को असोज मसान्त भित्र लेखा परिक्षण गरी पेश गर्नुपर्ने निर्णय गरियो ।

निर्णय नं. ३४

सडक कालोपत्रे गर्दा lab test अनिवार्य गर्नुपर्ने भएकोले लागत स्टीमेटमै lab test को लागि लागत छुट्टाउने निर्णय गरियो ।

निर्णय नं. ३५

योजना सम्झौता तया भुक्तानी प्रकृया लाई नेपाल सरकारको कार्यबिधि तथा परिपत्र अनुसार कार्यन्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३६

खैरेनी बजारको आसपासको क्षेत्रमा तरकारी तथा फलफूल बजार संचालन गर्न सार्वजनिक निजी साझेदारीमा संचालन गर्न उपयुक्त स्थान पहिचान गर्ने निर्णय गरियो ।

निर्णय नं.३७

नगरपालिका भित्र संचालित ठेला तथा रिक्शा नगरपालिकामा दर्ता नविकरण गरी संचालन गर्नु पर्ने निर्णय गरियो ।

निर्णय नं. ३८

नगरपालिका क्षेत्र भित्रका जग्गा प्लटिङ्ग गर्दा अनिवार्य रुपमा नगरपालिका बाट स्वीकृती लिनु पर्ने र न्युनतम २० फुट सडक, खानेपानी, ढल निकास र विधुतको व्यवस्था सहित निवेदन पेश गर्नु पर्ने तथा मापडण्ड नपुगेका प्लटिङ्ग मा सुविधा उपलव्ध नगराउने निर्णय गरियो ।

निर्णय नं. ३९

सन् २०१७ भित्र देवदह नगरपालिका लाई धुवा मुक्त नगर घोषणा गर्नका लागि जिल्ला बिकास समिति , मन्त्रालय तथा गैर सरकारी संस्था हरुमा रकम माग गर्ने निर्णय गरियो ।

निर्णय नं.४०

देवदह नगरपालिका लाई वाताबरण मैत्री बनाउन तथा विपद व्यावस्थापन गर्नका लागि सम्बन्धीत निकाय संग समन्वय र सहकार्य गरि कार्यक्रम संचालन गर्ने तथा विपत व्यावस्थापन कोष निमार्ण गर्ने निर्णय गरियो ।

निर्णय ४१

देवदह नगरपालिकाको निर्माण हुदै गरेको कार्यालय लागेको भवनको नाम “मायादेवी भवन” नामाकरण गर्ने निर्णय गरियो ।

निर्णय ४२

देहायका क्षेत्रमा लघु उद्यम साझेदारी कार्यक्रम संचालन गर्न घरेलु तथा साना उद्योग विकास कार्यालय लाई अनुरोध गर्ने निर्णय गरियो । आगामि आर्थिक वर्ष ०७४।०७५ मा समेत कार्यक्रम लाई निरन्तरतामा संचालन गर्न अनुरोध गर्ने निर्णय गरियो । लघु उद्यम कार्यक्रम देहायका क्षेत्रमा संचालन गर्ने निर्णय गरियो ।

तपशिल

१. व्यावसायिक कृषि कार्यक्रम ( तरकारी , फलफुल,पशुपालन , माछापालन)

२. लघु उद्यम कार्यक्रम (दुग्ध उद्योग -पेडा,दही,खुवा,गुटपाक,ध्यू,पनिर,आईसक्रिम,चकलेट, काष्ठ उद्योग,सिलाई बुनाई , बुटिक, टपरी, अचार, दालमोट, अगरवत्ती, मैनवत्ती, फाईवर झोला, गार्मेन्ट)

३. पर्यटन उद्यम (होम स्टे , गिफ्ट उद्यम , होटल , कुक तालिम , पर्यटन पथ प्रर्द्धशन तथा भाषा प्रशिक्षण तालिम )

निर्णय ४३

देवदह नगरपालिका अर्न्तगत भएका संघ संस्थाहरुलाई वार्षिक साधारण सभा , लेखा परिक्षण र वार्षिक नविकरण हुनुपर्ने र नगर्नेलाई बजेट उपलव्ध नगराउने निर्णय गरियो ।

निर्णय ४४

देवदहका पर्यटकिय स्थल हरुमा स्थानिय समिति गठन गर्ने निर्णय गरियो । तपशिलका समितिहरु जिल्ला प्रशासन कार्यालयमा दर्ता हुनुपर्ने निर्णय गरियो ।

१) देवदह पर्यटन समिति

२) पाकडी बृक्ष पर्यटन समिति

३) वैरीमाई कन्यामाई पर्यटन समिति

४) भवानीपुर पर्यटन समिति

५) शिसपुर होम स्टे पर्यटन समिति

६) सरनवारी होम स्टे पर्यटन समिति

७) माथागढी पर्यटन समिति

८) पेटवानीया कृषि पर्यटन समिति

९) नागथान पर्यटन समिति

१०) सिमसार पर्यटन समिति

निर्णय ४५

देवदह क्षेत्रमा देहायका पार्कहरु स्तरउन्नती गर्ने निर्णय गरियो ।

- ➢ मायादेवी पार्क देवदह ९
- ➢ यशोधरा पार्क देवदह ८
- ➢ दाउन्ने पिकनिक स्पोट देवदह ७
- ➢ पेटवानीया पार्क देवदह २
- ➢ लव्ली पार्क देवदह १
- ➢ मदन आश्रृत पार्क देवदह ८
- ➢ वि.पि. पार्क
- ➢ सहिद स्मृति पार्क देवदह ८

निर्णय ४६

सामुदायिक वनको पुजिगत आम्दानीको न्युनतम ५ प्रतिशत रकम देवदह नगरपालिका संग साझेदारी गर्नुपर्ने निर्णय गरियो ।

निर्णय ४७

देवदहमा संचालित सहकारीहरु लाई व्यावसायिक कृषि क्षेत्रमा नतिजामुलक तरीकाले लगानी गर्नु पर्ने र एक सहकारी एक पहिचान कायम गर्ने निर्णय गरियो । सहकारी समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय ४८

आ.व.०७३।०७४ को कन्टिनजेन्सी बाट तपशिल बमोजिमका कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | शिषर्क | रकम |
|---|---|---|
| १ | वार्ड भेला संचालन व्यावस्थापन | ५००००/- |
| २ | मोटर साईकल खरिद | २४००००/- |
| ३ | ह्यण्डी क्याम ( क्यामरा खरिद ) | ६००००/- |
| ४ | करदाता शिक्षा कार्यक्रम | ५००००/- |
| ५ | कम्पुटर तथा प्राविधिक उपकरण खरिद | १००००० /- |
| ६ | कर्मचारी अवलोकन भ्रमण | १५०,००० /- |
| ७ | ईन्धन | २,००,०००/- |
| ८ | छपाई | २,००,०००/- |
| ९ | अनुगमन तथा मुल्याङ्कन | ९०,००० /- |
| १० | उपभोक्ता समिति तालिम | ४०,०००/- |
| ११ | वजार अनुगमन | २०,०००/- |

निर्णय ४९

देवदह नगरपालिकामा ६७ प्रतिशत क्षेत्र वन भएको र २६ सामुदायिक वन क्रियाशिल भएको पर्याप्त सिमसार क्षेत्र भएकोले हरित नगरपालिका घोषणा गर्न सम्बन्धीत निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय ५०

देवदह नगरपालिकालाई आध्यात्मिक नगरपालिका स्वीकृत गर्न नेपाल सरकार संग सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं ५१

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनिती २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधी २०६८ लाई नै देवदह नगरपालिका बालमैत्रि निति मान्ने निर्णय गरियो ।

निर्णय नं ५२

देवदह न.पा.भित्र ९९ वटा टोल बिकास संस्था गठन भएको र उक्त टोल संस्थाहरुको एल.जि.सि.डि.पि.कार्यक्रम तथा अन्य साझेदार संस्था मार्फत क्षमता बिकास गरि न.पा.ले सामुदायिक साझेदारी गर्ने निर्णय गरियो ।

निर्णय नं ५३

देबदहमा अत्यधिक मात्रामा आलु उत्पादन हुने हुनाले एक सुबिधा सम्पन्न स्टोर आवश्यक भएकोले देबदह न.पा.को वडा नं १ मा कोल्ड स्टोर स्थापना गर्न सम्बन्धीत निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ५४

यस नगरपालिकाको कर्मचारी कल्याण कोषमा आ.व.०७४।०७५ मा न.पा. कोष बाट रु १० लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय ५५

यस नगरपालिका मा लामो समय देखि कार्यरत करार कर्मचारीहरुले जिवनको महत्वपुर्ण समय योगदान गरेकोले सामान्य प्रकृया बाट स्थायी गर्नको लागि नेपाल सरकार संघिय मामिला तथा स्थानिय बिकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ५६

यस देवदह नगरपालिकामा विपद् व्यवस्थापनका लागि विपद् व्यवस्थापन समितिद्धारा निर्मित कार्ययोजनालाई सम्बन्धीत संघ संस्थाहरुको सहकार्यमा कार्यान्वयन तथा विपत व्यावस्थापन कोष स्थापना गर्ने निर्णय निर्णय गरियो ।

निर्णय नं. ५७

देवदह नगरलाई सफा र सुन्दर नगर बनाउन सरसफाई कोष स्थापना गर्ने तथा सरसफाई कार्यविधि निर्माण गरि कार्य अगाडि बढाउन देवदह नगरपालिका बातावरण साखा लाई जिम्मा दिने निर्णय गरियो ।

१। विकास साझेदारको योगदान र परिचालनलाई प्रभावकारी तुल्याउन र आन्तरिक आयमा अबिवृध्दि हासिल गर्न सार्वजनिक निजी साझेदारी)**PPP**(को अवधारणामा आधारित लगानीको निती अवलम्बन गरिने छ।

२। आधारभुत करका दरहरुलाई न्युन राखि दायरालाई फराकिलो पार्दै स्थानीय कर प्रणालीलाई वैज्ञानिक तुल्याउने निती अबलम्बन गरिनेछ ।

निर्णय नं.५८

देवदह नगरपालिकाको कार्यबोझ, जनसंख्या, सेवा प्रवाहमा देखिएका नविन अवधारणाहरु र घोषणा हुँदाका बखत प्राप्त दरवन्दी र संगठन संरचना समेतका आधारमा यसै आ.व. देखि लागु हुने गरी निम्नानुसारको दरबन्दी र संगठन संरचना स्वीकृत गरी तलवी प्रतिवेदन समेत पारित गर्ने निर्णय गरियो ।

| क्रं. सं. | पद | स्वीकृत दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|
| १ | कार्यकारी अधिकृत, रा.प. तृतीय , प्रशासन | १ | निजामती |
| २ | स्थानीय पञ्जीकाधिकारी ,रा.प.अनं. प्रथम, प्रशासन | १ | निजामती |
| ३ | लेखापाल रा.प.अनं. प्रथम, प्रशासन | १ | निजामती |
| ४ | प्रशासकिय अधिकृत, अधिकृतस्तर छैठौ तह अप्राविधिक | १ | स्थानीय निकाय |
| ५ | सिभिल इन्जिनियर ,अधिकृतस्तर छैठौं तह, प्राविधिक | १ | स्थानीय निकाय |
| ६ | नायव सुव्वा, सहायक स्तर पाँचौं तह ,अप्राविधिक | ३ | स्थानीय निकाय |
| ७ | सव इन्जिनीयर सहायक स्तर पाँचौं तह, प्राविधिक | १ | स्थानीय निकाय |
| ८ | सह लेखापाल चौथो तह | १ | स्थानीय निकाय |
| ९ | खरिदार सहायकस्तर चौथो तह ,अप्राविधिक | ६ | स्थानीय निकाय |
| १० | अमीन सहायक स्तर चौथो तह, प्राविधिक | १ | स्थानीय निकाय |
| ११ | ल्याव असिस्टेन्ट प्राविधिक चौथो तह | १ | स्थानीय निकाय |
| १२ | हेभी सवारी चालक | १ | स्थानीय निकाय |
| १३ | हलुका सवारी चालक | २ | स्थानीय निकाय |
| १४ | कार्यालय सहयोगी | ३ | स्थानीय निकाय |
| जम्मा | | २४ | |

निर्णय नं. ५९

देवदह नगरपालिका कार्यालयको आ.व. २०७१/०७२ को सम्पूर्ण कारोवारको श्रेष्ता अन्तिम लेखा परिक्षण भइ प्राप्त भएको लेखा परिक्षण प्रतिवेदन अनुमोदन गरी लेखा परक्षकबाट औल्याइएका सुझावहरुलाई कार्यान्वयन गर्न नगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.६०

स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६ तथा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ लगायत अन्य प्रचलित एन, नियम तथा कार्यविधि बमोजिम देवदह नगरपालिका क्षेत्रभित्र विभिन्न विषयहरुमा विषयगत समिति तथा उपसमिति र अन्य आवश्यक समति उपसमिति गठन गर्ने र नगर परिषदबाट पारित विभिन्न विनियम तथा निर्देशिका शंशोधन गर्ने लगायतका अधिकार नगरपालिका बोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६१

स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुसार देवदह नगरपालिका क्षेत्रभित्र परेका वेवारिसे शव सदगद गर्न प्रति शव रु. १०००। छाडा तथा बौलाहा कुकुर मारेको प्रति कुकुर रु. १००। छाडा गाई वस्तु प्रति रु ५०० । पारिश्रमिक उपलव्ध गराउने तथा छाडा चौपाया नियन्त्रणमा सहयोग पुऱ्याउने तथा अव्यवस्थित फोहर फाल्नेलाई समाउने स्थानीय प्रशासन , स्थानीय समूदाय तथा नगरपालिका कर्मचारीलाई जरिवाना बापत संकलित रकमको ५० प्रतिशत रकम पारिश्रमिक वापत उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६२

देवदह नगरपालिका क्षेत्रभित्र कुनै पनि सरकारी तथा गैरसरकारी क्षेत्रबाट कार्यक्रम संचालन गर्ने क्रममा देवदह नगरपालिका कार्यालय मार्फत बजेट निकाशा गर्नुपर्ने अवस्थामा कूल निकाशा रकमको २ प्रतिशतले हुन आउने रकम सेवा शुल्क कट्टी गर्ने निर्णय गरियो ।

निर्णय नं. ६३

देवदह नगरपालीका क्षेत्रभित्र दिनानुदिन बढ्दै गएको अव्यवथित प्लटिङ तथा जग्गा खण्डीकरण कार्यले कृषि भुमि ह्रास हुदै अव्यवथित शहरिकरण बढ्दै गएकोले सो कार्यलाई निरुत्साहित गर्न सम्पूर्ण सरोकारवालाहरुको सहयोग लिई बैधानिक जग्गा विकास प्रर्वद्धकहरुलाई मात्र स्वीकृति दिने कार्यलाई कडाइका साथ कार्यान्वयन गर्ने निर्णय गरीयो ।

निर्णय नं. ६४

यस देवदह नगरपालिकामा लागु भएको देवदह भवन मापदण्ड २०७२ परिमार्जन सहित कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६५

देवदह नगरपालिका कार्यालयले आ.व. २०७१/०७२ देखि नगरवासीलाई उपलब्ध गराउदै आएको सेवा तथा सुविधालाई अझ वढि प्रभावकारी वनाउदै लैजाने सन्दर्भमा नगरपालिकाबाट संचालित आयोजनाहरुको सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण कार्यक्रमको अन्तिम प्रतिवेदन माथि छलफल गर्दा सरोकारवाला लगायतसम्पुर्ण नगरवासीहरुबाट व्यक्त भएका सुझावहरुलाई सिमित श्रोत साधनहरुको उच्चतम उपयोग गर्दै क्रमश. सम्बोधन गर्दै जाने निर्णय गरीयो ।

निर्णय नं. ६६

देवदह नगरपालिकामा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा तर्जुमा गरी सो अनुसार नगर क्षेत्र भित्र अप्रत्यासीत प्राकृतिक प्रकोपबाट पिडित नगरवासीको माग सम्बोधन गर्न विभिन्न विषयगत कार्यालयमा आवस्यक सहयोग गर्न अनुरोध गरी पठाउने र यस नगरपालिकाबाट क्षति हेरी रु. ५००० सम्म राहत स्वरुप विपत जोखिम व्यवस्थापन कोष शिर्षकबाट उपलव्ध गराउने निर्णय गरीयो ।

निर्णय नं. ६७

देवदह नगरपालिकाको क्षेत्रको जग्गा सर्वे नापि गर्दा १ : २४०० मिटरको नाप नक्सा भएकोमा जग्गाको बढ्दो खण्डीकरणले जग्गाको क्षेत्रफल अनुरुप नाप नक्सा गरि फिल्डमा एकिन रेखाकंन गर्न कठिनाइ भएको, नदिका बहावहरु परिवर्तन भएका र सार्वजनिक बाटोको लगत कट्टि नहुदा समस्या भएकोले नगरपालिका क्षेत्रको जग्गा १ : ५०० मिटर स्केलको मान नापमा डिजिटल म्यापिङ द्वारा पुनः नाप नक्सा गरिदिन सम्बन्धीत निकायमा अनुरोध गर्ने निर्णय गरीयो ।

निर्णय नं ६८

देवदह नगरपालिकाको तेस्रो नगरपरिषद्बाट स्वीकृत हुने आ.व. २०७४/०७५ का बजेट अनुसारका कार्यक्रम कार्यान्वयन गर्दा कार्यान्वयन गर्न असम्भव भएको तथा बजेट घटवढ भई आएमा कार्याक्रम संसोधन गर्ने अधिकार नगरपालिका बोर्डलाई प्रत्यायोजन गर्ने साथै यस आ.व. २०७३/०७४ को न.पा. वोर्डद्धारा भएको संशोधित आय-व्यय अनुमान अनुमोदन गर्ने निर्णय गरीयो।

निर्णय नं. ६९

देवदह नगरपालिकाका आ.व. २०७२/०७३ मा सम्पन्न भएका सम्पूर्ण आयोजनाहरु अनुमोदन तथा फरफारक गर्ने निर्णय गरीयो ।

निर्णय नं. ७०

आवधिक नगर योजना , नगर यातायात गुरु योजना, नगर पार्श्व चित्र, बहृत शहरी विकास गुरु योजना, नगरस्तरीय भु उपयोग योजना लगायतको गुरुयोजना, योजना, कार्यविधि, विनियम, निर्देशिका स्वीकृत गर्ने अधिकार नगरपालिका वोर्डलाई प्रदान गर्ने निर्णय गरीयो ।

निर्णय नं. ७१

देवदह नगरपालिकाको आ.व. २०७२/०७३ का लागी विभिन्न शिर्षकहरुमा विनियोजित बजेट तथा कार्यक्रमहरुमा भएको सम्पुर्ण खर्च र दोश्रो नगरपरिषद्को निर्णय बमोजिमको बजेट तथा कार्यक्रममा नगरपालिका बोर्डद्धारा भएको संसोधनको निर्णय तथा सो निर्णय अनुसार भएका खर्चहरुलाई अनुमोदन गर्ने निर्णय गरीयो ।

निर्णय नं. ७२

देवदह नगरपालिकाका २०७३ पौष २३ गते सम्मको अवधिमा भए गरेका सम्पूर्ण नगरपालिका बोर्ड बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरीयो ।

निर्णय नं. ७३

नगरपरिषद् पश्चात नगरपरिषद्को क्षेत्राधिकार भित्र पर्ने कुनै कार्य गर्नुपर्ने भएमा सो कार्य गर्न अर्को नगर परिषद् नभएसम्म नगरपरिषद्मा निहित अधिकार नगरपालिका बोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरीयो।

निर्णय नं. ७४

यस देवदह नगरपालिकामा रहेका कर्मचारीहरुले साविकदेखि लिदै आएको सेवा सुविधालाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ७५

पर्यटन गुरुयोजना २०७२ अनुरुप वजेट विनियोजन गर्न जिल्ला बिकास समिति , लुम्बिनी बिकास कोष तथा नेपाल सरकार सरोकार वाला मन्त्रालय संग माग गर्ने निर्णय गरियो ।

निर्णय ७६

देवदह नगरपालिका बाट निर्माण हुने सडक मा दुवै साईड नाला निर्माण तथा हरियालि नगर बिकास गर्ने उद्धेश्य अनुरुप बृक्षा रोपण सहित सौर्य सडक बक्ति जडान गर्ने लाई प्रथमिकता राखि कार्य संचालन गर्ने निर्णय गरियो ।

निर्णय ७७

छाडा गाई वस्तु व्यवस्थीत सम्बन्धीत निकाय संग सहकार्य गर्ने निर्णय गरियो ।

निणर्य , ७८

देवदह न.पा.वडा नं.१० को नागथान मन्दीर संरुक्षण समितिको क्षेत्रमा सुविधा सम्पन्न आवासिय विपश्यना ध्यान केन्द्र निर्माण गरी संचालनमा सहयोग गर्न लुम्बिनी बिकास कोष ,जिल्ला बिकास समिति रुपन्देही र संस्कृति , पर्यटन तथा नागरीक उड्डेन मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय , ७९

शहरी बिकासको गूरुयोजना तयार गर्दा देहायका क्षेत्रहरुको पूर्ण नक्सांकन गर्ने निर्णय गरियो ।

- भवानीपुर मन्दीर क्षेत्र
- वैरीमाई कन्यामाई
- देवदह
- देवदह मण्डप
- यशोधरा पार्क
- रोहीणि नदि स्नानघाट
- धर्मोदय विहार
- चक्रपथ
- मयादेवी पार्क

निर्णय नं. ८०

देहायका संस्था लाई सम्मान गर्ने निर्णय गरियो ।

- उपभोत्ता समिति

- उद्यमी
- सामुदायिक वन
- गैर सरकारी संस्था

निर्णय , ८१

उत्कृष्ट कार्य सम्पादन गरे बापत तपशिलको क्षेत्रका व्यक्तिलाई पुरस्कृत तथा सम्मान गर्ने निर्णय गरियो ।

उत्कृष्टकृषक : एक नगर एक उत्पादन दुग्ध उत्पादन : विष्णु प्रसाद ज्ञवाली
उत्कृष्ट कर्मचारी : नेत्रमाया सुवेदी
उत्कृष्ट टोल सुधार समिति : सरीमाया गुरुङ्ग (दुर्गामन्दिर टोल सुधार समिति)
उत्कृष्ट पत्रकार : गोविन्द घर्ती
उत्कृष्ट व्यवसायिक कृषक : रोमकान्त पाण्डे
गै.स.स. मध्येबाट : नेपाल अविनाश सामाजिक सेवा संस्था
सामुदायिक विद्यालय मध्येबाट : केरवानी उ.मा.वि.
निजी विद्यालयबाट : देवदह इङ्गलिस बोर्डिङ्ग हाइ स्कुल
स्वास्थ्य क्षेत्र बाट : इश्वरी प्रसाद ढुङ्गाना
निजी क्षेत्र बाट : उद्योग वाणिज्य संघ देवदह
देवदह व्यापार संघ देवदह
उद्योग व्यापार संगठन देवदह
देवदह वन संजालबाट खेम नारायण अधिकारी

निर्णय नं. ८२

आ.व. ०७४।०७५ लाई लैगिक हिसां न्यूनीकरणको वर्षको रुपमा मनाउने निर्णय गरियो । यस अवधिमा देहायका कार्यक्रम संचालन गरीनेछ ।

- टोल सुधार समितिलाई शसक्तिकरण गर्ने ।
- लैगिंक हिंसा सम्बन्धमा सार्वजनीक सुनुवाई गर्ने ।
- लैगिंक हिंसा सम्बन्धमा तालिम संचालन गर्ने ।
- लैगिंक हिंसा न्यूनिकरण गैर सरकारी संस्थालाई परिचालन गर्ने ।
- सामुदायिक परिचालन र वहस पैरवीगर्ने ।
- लैगिंक हिंसा भएमा तत्काल उपचार गर्न पैरवी गर्ने ।
- राजनैतिक दल हरुले वहस पैरवी संचालन गर्ने ।
- प्रत्यक वडामा लैगिक सम्पर्क व्याक्ति नियुत्त गर्ने ।

प्रत्यक वडाहरुमा देहायका व्याक्तिहरुलाई लैंगिक हिंसा न्युनिकरण तथा सहजिकरण संम्पर्क व्याक्ति नियुक्ती गर्ने निर्णय गरियो ।

- नैना गुरुङ्ग
- राधा गुरुङ्ग
- नर कुमारी राना
- लक्ष्छु न्यौपाने
- सुनिता न्यौपाने
- दुर्गा के.सी.
- प्रेमकला ढकाल
- सिता थापा
- अमरिता पाण्डे
- शुशिला आले

निर्णय , ८३

लैंगिक हिसां न्यूनिकरण कार्ययोजना अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय , ८४

आ.व. ०७१।०७२ र ०७२।०७३ को अन्तीम लेखा परीक्षण प्रतिवेदन उपर छलफल गरी प्रतिवेदन औल्याएको विषयलाई सुधार गर्दै लैजाने निर्णय गरियो ।

निर्णय , ८५

सामाजिक परिक्षण प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८६

देवदह क्षेत्रका सम्पूर्ण विद्यालयमा सुरक्षित खाजा घर संचालको व्यावस्था गर्न विद्यालयहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ८७

विद्यालय क्षेत्रमा अनिवार्य रुपमा वालमैत्रि नगरका सूचकहरु पुरा गर्न चालु आ.व. र आ.व. ०७४।०७५ को विद्यालय क्षेत्रमा अनिवाय पूर्वाधार क्षेत्रको रकम बालमैत्रि पुर्वाधारमा खर्च गर्नु पर्ने निर्णय गरियो ।

निर्णय , नं. ८८

देवदह नगरपालिका वडा नं. ८ मा रहेको बढिमाई मन्दीर को नाम अपभ्रम्स भई बैरीमाई भएको हुदा “बढीमाई” नामाकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ८९

देहाय अनुसारको बालमैत्रि नगर घोषणा कार्ययोजना अनुमोदन गर्ने निर्णय गरियो ।

| क.स. | कार्य विवरण | मिति | स्थान | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|
| १ | बालमैत्री स्थानीय शासन अवलम्बन र घोषणाका लागि कार्ययोजना तर्जुमा | २०७३(५(४ | देवदह | नगरपालिका |
| २ | बालमैत्री स्वयंसेवक छनौट एवं अभिमुखीकरण | २०७३/ ५/९ सम्म | नगरपालिका | नगरपालिका |
| ३ | बालमैत्री स्थानीय शासनको अवधारणाको अभिमुखीकरण, विकास तथा विस्तार (विद्यालय, समुदाय र अन्य) | २०७३ भदौ १०-असोज १५ सम्म प्रथम चरण, त्यसपश्चात निरन्तर | नगर स्तर/ वडा स्तर | नगरपालिका (सम्पर्क व्यक्ति) |
| ४ | बालमैत्री स्थानीय शासन वडास्तरीय समिति गठन | ०७३ भदौ १०-असोज १५ सम्म | वडा स्तर | नगरपालिका |
| ५ | नगर बाल संरक्षण समिति गठन | २०७३ भाद्र ४ | नगर स्तर | नगरपालिका |
| ६ | बालमैत्री स्थानीय शासन नगर र वडा समिति / नगर बाल संरक्षण समितिको नियमित बैठक | द्विमासिक र आवश्यकता अनुसार | | CFLG र MCPC समिति |
| ७ | बालमैत्री स्थानीय शासनको सम्पर्क इकाइको संस्थागत प्रबन्ध | २०७३/ ५/१० सम्म | नगरपालिका | नगरपालिका |
| ८ | बालबालिकाको वस्तुगत विवरण तयारी र प्रकाशन (तथ्यांक संकलनकर्ता छनौट, अभिमुखीकरण, तथ्यांक संकलन, इन्ट्रि विश्लेषण, पुस्तिका लेखन र प्रकाशन) | २०७३ भाद्र ७ देखि कार्तिक मसान्त सम्म | नगर स्तर | नगरपालिका |
| ९ | नगरपालिकाको वस्तुगत विवरण पुस्तिका प्रकाशन | २०७३ माघ मसान्त सम्म | | नगरपालिका |
| १० | बालकोषको स्थापना | २०७३ भाद्र मसान्त भित्र | नगर स्तर | नगरपालिका |

| | | | | |
|---|---|---|---|---|
| ११ | बालक्लब, वाल संजाल गठन, विकास तथा सामुदायिक संस्था परिचालन | २०७३ असोज मसान्त सम्ममा | वडा, विद्यालय र टोल स्तर | |
| १२ | सरोकारवालाहरुको पहिचान, समन्वय र संजाल निर्माण | २०७३ मंसिर मसान्त भित्र | नगरस्तर | नगरपालिका |
| १३ | बालमैत्री स्थानीय शासनको न्यूनतम सेवा सूचक निर्धारण/ सूचकको स्थानीयकरण | २०७३ मंसिर १५ सम्ममा | नगरस्तर | नगरपालिका |
| १४ | बालबालिकाको त्रिवर्षिय लगानी योजना तयारी ( वार्षिक खण्डिकरण सहित) | २०७३ मंसिर २५ सम्ममा | नगरस्तर | नगरपालिका |
| १५ | एकिकृत आवधिक नगर विकास योजना तयारी र प्रकाशन | २०७४ असार सम्ममा | नगरपालिका | नगरपालिका |
| १६ | बालबालिकाको स्थिती प्रतिवेदन तर्जुमा र सार्वजनीकिकरण | २०७४ असार सम्ममा | नगरपालिका | नगरपालिका |
| १७ | अनुगमन, समिक्षा र मुल्यांकन | त्रैमासिक र आवश्यकताअनुसार | नगरस्तर र समुदाय स्तर | नगरपालिका र सम्बन्धित निकाय |
| १८ | नगर परिषदबाट आफ्नो कुल पूंजीगत बजेटको कम्तिमा १५ प्रतिशत रकम बालबालिकाको क्षेत्रमा लगानी गर्ने प्रतिवद्धता सहितको निर्णय | २०७३ पौष | नगरपालिका | नगरपालिका |
| १९ | बालबालिकाको लगानी योजना एवं वार्षिक नगर विकास योजना बमोजिमका कार्यक्रम संचालन | २०७४ असार सम्म र निरन्तर | नगरक्षेत्र | नगरपालिका |
| २० | बालमैत्री नगर घोषणा कार्ययोजना तयारी | २०७४ वैसाख | नगरस्तर | नगरपालिका |
| २१ | बालमैत्री नगर घोषणाको दिगोपनाका लागि रणनैतिक कार्ययोजना तयारी | २०७४ श्रावण मसान्त सम्म | नगरस्तर | नगरपालिका |
| २२ | बालमैत्री नगर घोषणा | २०७४ मंसिर मसान्त सम्ममा | नगरस्तर | नगरपालिका |

निर्णय ९०

यस देवदह क्षेत्रको बजार अनुगमन गर्नका लागि तपशिल अनुसारको अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

- सामाजिक शाखाको प्रमुख संयोजक
- निजी क्षेत्र संघ/संगठनका प्रतिनिधी सदस्य
- सुरक्षा निकायको प्रतिनिधी सदस्य
- स्वास्थ्य कार्यालयको प्रतिनिधी सदस्य

निर्णय ९१

यस देवदह क्षेत्रको मासु पसल अनुगमन गर्नका लागि तपशिल अनुसारको अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

- पशु सेवा केन्द्रको प्रमुख
- निजी क्षेत्र संघ/संगठन ३ वटा
- सुरक्षा निकायको प्रतिनिधी
- सामाजिक शाखाको कर्मचारी

निर्णय ९२

एकिकृत सम्पति कर चालु आ.व. २०७४।०७५ बाट लागु गर्ने निर्णय गरियो । यसको लागि कार्यविधि तयगरी लागु गर्न नगरपालिका वोर्डलाई अधिकार दिने निर्णय गरियो ।

निर्णय , ९३

तालिम मापदण्ड देहाय बमोजिम रहने गरि निर्देशिका स्वीकृत गर्ने निर्णय गरियो ।

| क.स. | शिर्षक | दर | कैफियत |
|---|---|---|---|
| १ | केन्द्रिय प्रशिक्षक प्रतिकक्षा | २५०० | |
| २ | जिल्ला प्रशिक्षक प्रतिकक्षा | १५०० | |
| ३ | स्थानीय प्रशिक्षक प्रतिकक्षा | १००० | |
| ४ | खाजा प्रति व्यक्ति | १०० | |
| ५ | चिया प्रति व्यक्ति | २० | |
| ६ | संचालक प्रति दिन | १००० | |
| ७ | सहयोगी प्रति दिन | ५०० | |
| ८ | अनुगमन मुल्याकंन प्रति दिन | १००० | |
| ९ | मसलन्द प्रति व्यक्ति | १०० | तलिम अवधि भर |
| १० | उद्घाटन समापन खर्च दुई दिन | ५००० | |
| ११ | खाना प्रति व्यक्ति | ३५० | |
| १२ | इातायात खर्च | ३०० | |
| १३ | प्रस्ताव प्रतिवेदन | २००० | |
| १४ | सहभागि भत्ता | ५०० सम्म | |
| १५ | केन्द्र र जिल्लामा सहभागि हुदा यातायात खर्च | टिकट रकम अनुसार | |

निर्णय ९४ हाल देवदह नगरपालिका रहेको जग्गा साविक केरवानी गा.बि.स. हाल वडा कार्यालय र साविक देवदह गा.वि.स. हाल वडा कार्यालयले चर्चेको क्षेत्र देवदह नगरपालिकाको जग्गा धनि प्रमाण पूर्जा उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय , जिल्ला मालपोत कार्यालय लाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय ९५

स्वीकृत नगरी गरीएको प्लटिङ्गमा नगरपालिकाले कुनै सुबिधा उपलब्ध नगराउने निर्णय गरियो । साथै नगर बासिहरुलाई सुरक्षित र स्वीकृत स्थानमा मात्र जग्गा खरिद बिक्रि गर्न सचेत गराउने निर्णय गरियो ।

निर्णय ९६

बिकास आयोजना हरु संचालन गर्दा वन क्षेत्रको जग्गा भएर सडक , कुलो , बाध ,खानेपानी , पाईपलाईन , विद्युतिकरण जस्ता बिकास निर्माण गर्दा वन कार्यालय संग सहकार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ९७

बालमैत्री स्थानीय शासनका उद्येश्य अनुरुप वार्षिक योजना तर्जुमा प्रकृयामा बालबालिकाको सहभागिता लाई सुनिश्चित गर्दै बाल भेलाबाट आएका योजना तथा कार्यक्रमलाई बालमैत्रि स्थानीय शासन कार्यक्रममा समावेशि गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय ९८

देवदह ८ शित्तलनगरमा जेष्ठ नागरीक मिलन केन्द्र निर्माण गर्ने निर्णय गरियो ।

निर्णय ९९

बालमैत्रि नगरपालिका बनाउन देवदह नगरपालिका भित्र रहेका बाल बालिकाहरुको लागि तपशिल आचार सहिता अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

क) बालबालिकाले अनिवार्य रुपमा गर्नुपर्ने कामहरु

- सहयोगि भावना बिकास गर्ने ।
- घर टोल विद्यालय मा सरसफाई गर्ने तथा गर्न प्रेरण प्रदान गर्ने ।

- बिद्यालय तथा गृहकार्य लाई नियमित गर्ने ।
- आफुभन्दा ठुलोलाई सम्मान र सानालाई माया दिई राम्रो आचरण देखाउने।
- सभ्य भाषा प्रयोग गर्ने ।
- अभिभावकका कुरा सुन्ने र आज्ञाकारी हुने ।
- अन्तरनिहित प्रतिभा प्रस्तुत गर्ने ।
- फरक क्षमता भएका व्याक्तिहरुलाई सम्मान र सहयोग गर्ने ।
- असल कार्य गर्न अग्रसर रहने र प्रोत्साहन गर्ने ।
- बाल बिवाहा जस्ता अन्धविस्वास बिरुद्ध सचेत रहने र अरुलाई जनचेतना प्रदान गर्ने ।
- समाजमा आफ्नो पहिचान बनाई उदारणिय पात्र बन्ने ।
- लागु पदार्थ सेवन नगर्ने र सचेतना फैलाई न्यूनिकरण गर्न पहल गर्ने ।
- आफ्नो अधिकार प्रति सचेत र सहभागि हुनुपर्ने ।
- बाल बिकासका लागि बाल क्लवमा सहभागि हुनुपर्ने ।
- बाल बालिकालाई राज्यले प्रदान गरेको अधिकार प्रति सचेत रहने ।
- बाल श्रम सोषण लाई अन्त्य गर्न पहल गर्ने ।
- आफ्नो मनमा लागेका र समस्याहरु स्पस्ट आफ्नो परिवार र साथि हरुलाई बताउने ।
- सकारात्मक सोचको बिकास गर्ने
- संस्कार संस्कृतिलाई मर्म अनुसार मनाउने ।
- सामाजिक रुपमा मिल्ने पहिरन लगाउनु पर्छ ।
- सामाजिक कार्यमा सहयोग गर्ने ।

ख) बालबालिकाले गर्न नहुने कामहरु

- जथाभावि फोहर नगर्ने ।
- अध्ययानलाई बिचमै छोड्न नहुने ।
- कमजोर र भिन्न क्षमता भएकालाई अपहेलना नगर्ने ।
- अस्लील भाषाको प्रयोग तथा समाजमा मान्य नहुने वेवहार नगर्ने ।
- असल कार्य गर्न लागेकालाई रोक नलगाउने ।
- घरेलु हिंसा प्रति सचेत भई हिंसा हुन नदिने ।
- बाल बिवाह नगर्ने र सहभागि नहुने ।
- लागुपदार्थ सेवन नगर्ने ।
- छुवाछुत जस्ता कु संस्कार नगर्ने ।
- तडक भडक किसिमको पहिरन नलगाउने ।
- कसैसंग नराम्रो व्यावहार नगर्ने ।

निर्णय १००

देवदह ९ मायादेवी पार्क आसपासमा वौद्ध विश्व विद्यालय निर्माण गरी संचालन गर्न शिघ्र प्रकृया पुरा गरी अगाडि बढाउन नेपाल सरकार संग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय १०१

नगरपालिका बाट तालिम दिदा सम्बन्धीत कामको अधिकारी हुन योग्य व्याक्ति भएको सुनिश्चित गरेर मात्र कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १०२

साझेदार सस्था हरुको समन्वयमा नमुना कार्यक्रमको रुपमा सड्ने र नसड्ने फोहर छुट्याउन ५०/५० प्रतिशत लागत सहभागितामा ( निजी क्षेत्रको सहयोगमा ) कम्पोस्ट विन प्रयोगमा ल्याउने निर्णय गरियो । साथै सड्ने फोहरवाट कम्पोष्ट मल वनाई घरमै प्रयोगमा ल्याउने निर्णय गरियो । क्रमश शुन्य फोहरको अवधारणा तर्फ उन्मुख हुने निर्णय गरियो ।

निर्णय नं. १०३

देवदह भित्रका सामूदायिक वन र वन संजालको समन्वयमा खालि ठाउ र सडक दायावाया कम्तीमा १५ प्रतिशत सडकमा वृक्षारोपण गर्ने निर्णय गरियो ।

निर्णय नं. १०४

देहायका आयोजना तथा कार्यक्रमहरुलाई देवदह गौरवको आयोजनाको रुपमा घोषणा गर्ने निर्णय गरियो ।

तपशिल

- देव दह ( मंगल पुष्करेणी दह ) बोटानिकल गार्डेन सहितको आयोजना निमार्ण ।
- महामानव गौतम वुद्धको मावली स्थल भवानीपुरमा नेपाल सरकार, पुरातत्व विभाग र लुम्विनी क्षेत्र विकास कोषको सहकार्यमा THE GOLDEN TEMPLE OF LOVING BUDDHA निर्माण आयोजना
- मायादेवी चक्रपथ निर्माण आयोजना
- नगरपालिकाको वडा कार्यालय सित्तलनगरको जग्गामा पर्यटन संग्रालय र सूचना केन्द्र, कोसेलीघर सहितको वहु उद्देश्यीयभवन निर्माण आयोजना ।
- योग , आयूर्वेद , ध्यानकेन्द्र सहितको देवदह गौशाला निर्माण ।
- वडिमाई कन्यामाई संरक्षण तथा विकास आयोजना ।
- पाकडी बृक्ष संरक्षण आयोजना
- देवदह मण्डप निर्माण
- यशोधरा पार्क निर्माण आयोजना
- मायादेवी पार्क निर्माण आयोजना

निर्णय नं. १०५

नगरपालिकाको मुख्य सडक र आसपासको सडक वत्ती उपभोत्ता समिति मार्फत सहकार्य गरी व्यवस्थापन गर्ने साथै सौर्य सडक बत्तिमा विज्ञापन राख्न चाहने संघ संस्था हरुलाई आवाहन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०६

नगरपालिकाका वस्तिहरुको भूगोल, भौतिक संरचना, जनघनत्व र जातजातीहरुको वसोवासको आधारमा न्यूनतम ५० देखि २०० घरधूरीहरुलाई समेटी गठन भएका टोल सुधार समिति/टोल सुधार संस्था मार्फत पूर्ण सरसफाई अभियानलाई पूर्णता दिदै बिकास निमार्ण तथा समाज सुधारका कार्यमा अग्रसर रहने र टोल सुधार कार्यबिधि २०७२ मा गरि तपशिल अनुसारको कार्यबिधि २०७३ मा बुदा थप गर्ने निर्णय गरियो ।

- वडाको शान्ती सुरक्षा कायम गर्न समन्वय गर्ने
- लैंगिक हिंसा कम गर्न भुमिका निर्वाह गर्ने

निर्णय नं. १०७

देवदह नगरपालिका र नगर भित्रका सरकारी विषयगत कार्यालय कर्मचारी हरुलाई code of conduct (आचार सहिता) देहाय अनुसार लागु गर्ने निर्णय गरियो ।

१. ध्यान दिएर नागरीकका कुरा सुन ।
२. खुला हृदयले पारदर्शी भई काम गर ।
३. समयमै सेवा देउ , जन सन्तुष्टी नाप ।
४. जनताले तिरेको करको महत्व वुझ ।
५. उत्तर दायित्वलाई हलुका रुपमा नलेउ ।
६. नैतिक वन , नमुना बनेर देखाउ ।

निर्णय नं. १०८

देवदह लाई आन्तरीक तथा बाह्य पर्यटक भित्राउन घरबास पर्यटन कार्याक्रम होमस्टे (HOMESTAY) संचालन गर्न वडा नं. ३ को शिशपुर थारु वस्तीलाई छनौट गरी पूर्वाधार निर्माण गर्ने निर्णय गरियो । उक्त वस्तीमा माछा र केरा खेतिको संभावना अध्ययन गर्ने निर्णय गरियो ।

निर्णय नं.८

पर्यटकीय स्थल माथागढी विकास गर्न देवदह नगरपालिका र पाल्पाको गोठादी गा.वि.स. साथै पाल्पा जि.वि.स. सँग समन्वय गर्ने निर्णय गरियो ।

निर्णय नं. १०९

नगर शिक्षा समिति मार्फत छलफल गरी वौद्ध दर्शन, स्थानीय पुरातात्विक, सम्पदा, संस्कृती र अनुशासन सम्वन्धी बौद्ध शिक्षा पाठ्यक्रम देवदह नगरपालिका भित्रका विद्यालयमा कक्षा ६ र ७ मा शैक्षिक सत्र २०७४ बाट लागु गर्ने निर्णय गरियो । साथै समग्र शिक्षाको गुणस्तर कायम गर्न शिक्षा समितिलाई जिम्मेवार वनाउने निर्णय गरियो ।

निणर्य नं. ११०

देवदह क्षेत्रको आध्यात्मीक तथा पर्यटकिय विकासको लागि अधिकार सहित देवदह विकास कोष स्थापनाको लागि नेपाल सरकार सँग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १११

नगरपालिको को  पुरातात्वीक क्षेत्र भवानीपुर, वैरी माई, कन्यामाई, खयरडाडा, देवदह क्षेत्रलाई उत्खनन तथा संरक्षण गर्न वजेट तथा कार्यक्रमको व्यवस्था गर्न पुरातत्व विभाग र लुम्विनी क्षेत्र विकास कोषलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ११२

एक नगर एक उत्पादनको अवधारणा अनुरुप यस नगरपालिका भित्र दुग्ध उत्पादनको पर्याप्त संभावना रहेकोले दुग्ध उत्पादनलाई पहिचानको रुपमा वजारीकरण गरी युवा पुस्तालाई दुग्ध उत्पादन तथा दुग्ध परिकार उद्यम संचालन गरी स्वरोजगारीको अवसर सृजना गर्न आर्कषित गर्ने निर्णय गरियो ।

निर्णय नं. ११३

नगरपालिकाको विकास निर्माणमा प्रयोग हुने विभिन्न तपशिल वमोजिमको निर्माण सामाग्रीको ल्याव टेस्ट गर्नुपर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

- वाटो कालो पत्रे गर्दा माटो, वालुवा, गिट्टी तथा अलकत्रा को अनिवार्य ल्याव टेस्ट गर्नु पर्ने ।
- निर्माणमा प्रयोग हुने कुनै पनि सिमेन्टको ल्याव टेस्ट अनिवार्य हुनु पर्ने ।

निर्णय नं. ११४

स्थानीय गैर सरकारी संस्थाहरुको सहकार्यमा देवदह भित्रका युवा उद्यमि व्यावसायिक कृषकहरुलाई सूचि तयार गर्ने निर्णय गरियो ।